# माक्र्सीय गुरुकुल विधान–२०६९

**प्रस्तावना**

विविध वर्ग, संस्कृति, भाषाभाषी, जात, जाति, जनजाति र आदिवासीहरुले वसोवास गर्दै आएको आजको नेपाल, यतिवेला धैरै चुनौतीहरु र प्रचुर संभावनाको संघारमा उभिएको छ । आजको यो अवस्था मूलतः सचेत नेपाली जनताहरुकै सचेतन प्रयत्न तथा वलिदानवाट नै संभव भएको हो । यो टेढोमेढो लामो प्रक्रयाका सचेतन सहभागीहरुको एकमात्र सपना समृद्घ समाजको निर्माण नै थियो र हो । यो यात्रामा लागेका सदस्य तथा सहभागीहरुमध्ये जसले विगतमा लामो समयदेखि देशको सिगों रुपान्तरणका लागि हरप्रकारले काम गरे, तिनै विगतका आन्दोलनका सक्रिय सहभागीहरुबाट आजको नयां पिढलाई ती अभियानहरुका औचित्य, त्यसका सवलता, कमजोरीहरु र त्यसले सिकाएका पाठहरु सुन्ने, सिक्ने, पढ्ने पाठशालाको उपलब्धता सहित नयां पुस्तामा रहेको जीवनोन्मुख संभावनालाई निकास दिनका लागि नयां सोचको विकास थलो, चित्त प्रसन्नताका लागि ध्यानकेन्द्रको उपलव्धता, अत्याधुनिक प्रविधि सहितको सूचना केन्द्रको स्थापना तथा विश्रामगृह निर्माणको ध्येय राखेर “माक्र्सीय गुरुकुल” नामक सामाजिक संस्था स्थापनाको प्रस्ताव गरिएको छ । यो विधान संस्था दर्ता ऐन, २०३४ को अधिनमा रही तर्जुमा गरिएको हो ।

**परिच्छेद – १**

**प्रारम्भ**

१. यस संस्थाको नाम “माक्र्सीय गुरुकुल” रहनेछ ।

क) संस्थाको कार्यालय रहने ठेगाना :- यस संस्थाको कार्यालय काठमाडौं जिल्ला का.म.न.पा. वडा नं.१० ,१२९ नयां बानेश्वर रहने छ ।

ख) संस्थाको कार्य क्षेत्र :- संस्थाको कार्य क्षेत्र काठमाण्डौं जिल्लामा रहनेछ र स्थानीय अधिकारीको स्वीकृति लिई नेपाल राज्यभित्र संस्थाको शाखा र कार्यक्षेत्र विस्तार गरिनेछ ।

घ) प्रारम्भ :- यो विधान संस्था दर्ता भएको मितिदेखि लागु हुनेछ ।

ड.) संस्थाको अस्तित्व :- यो संस्था अविछिन्न उत्तराधिकारवाला, संगठित, स्वशासित, गैर-नाफामूलक, गैर राजनीतिक तथा गैर सरकारी सामाजिक संस्था हुनेछ ।

२. परिभाषा :-

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा :

क) “विधान” भन्नाले **“माक्र्सीय गुरुकुल”** को विधानलाई सम्झनु पर्दछ ।

ख)　　"संस्था" भन्नाले **"माक्र्सीय गुरुकुल"** लाई सम्झनु पर्दछ ।

ग)　　"समिति वा कार्य समिति नेपाल" भन्नाले यस विधानको दफा १३ बमोजिम गठित कार्य समितिलाई जनाउँदछ ।

घ)　　"सभा" भन्नाले यस विधान बमोजिम बसेको साधारण सभा र विशेष साधारण सभालाई समेत जनाउँदछ ।

ड.)　　"पदाधिकारी" भन्नाले संस्थाका पदाधिकारीहरुलाई सम्झनु पर्दछ ।

च)　　"नियम विनियम" भन्नाले यस विधान अन्तर्गत बन्ने नियम विनियमलाई जनाउंदछ ।

छ)　　"स्थानीय अधिकारी" भन्नाले प्रमुख जिल्ला अधिकारीलाई जनाउंदछ ।

ज)　　"स्थानीय निकाय" भन्नाले गा.वि.स, नगर पालिका र जि.वि.स. लाई जनाउँदछ ।

झ)　　"तोकिएको वा तोकिए" बमोजिम भन्नाले यो विधान र यस विधान बमोजिम बनेको नियम विनियममा तोकिएको वा तोकिए बमोजिम हुनेछ ।

ञ)　　"अधिवेशन" भन्नाले कार्य समितिका कार्य अवधि समाप्त भई नया कार्य समितिको निर्वाचन गर्ने हरेक २ वर्षमा सम्पन्न हुने साधारण सभालाई सम्झनु पर्दछ ।

ट)　　"सदस्य" भन्नाले यस "माक्र्सीय गुरुकुल"को संस्थापक सदस्य भएका तथा आजीवन सदस्यता लिएका र साधारण सदस्यता लिएका सबै व्यक्तिलाई समेत सम्झनु पर्दछ ।

ठ)　　"संस्थापक सदस्य" भन्नाले संस्थाको स्थापनार्थ यस विधानमा सहीछाप गर्ने सम्पूर्ण सदस्य तथा पदाधिकारीलाई सम्झनु पर्दछ ।

**३.　　संस्थाको छाप र चिन्ह ः-**

प्रचलित व्यवस्थाको प्रतिकूल नहुने गरी संस्थाको छुट्टै छाप र चिन्ह हुनेछ । छाप र चिन्ह अनुसूचि १ बमोजिमको ढाँचामा हुनेछ । तर संस्थाको नाम र चिन्ह पूर्व दर्ता भएका संस्थासंग मेल खाएमा संशोधनको प्रक्रियाद्वारा तुरुन्त संशोेधन गरिनेछ ।

## परिच्छेद – २
## उद्देश्य

**४.　　संस्थाको उद्देश्य ः-**

**यस संस्थाको मुख्य उद्देश्य देहाय बमोजिमको रहनेछ ।**

क) चित्त प्रसन्नता तथा मनको चैन प्राप्त गर्नको लागि सहयोगी भूमिका निर्वाह यस संस्थाको उद्देश्य रहनेछ ।

ख) द्वन्द्वात्मक चेत अभिवृद्धि गरी आफ्नो समाज, राष्ट्र, अन्तर्राष्ट्र र समग्र पक्षको विश्लेषण गर्न सहयोग पुराउनु ।

ग) अनुभव आदान-प्रदान गर्ने थलोको रूपमा विकास गरी नयाँ पिढीलाई अनुभवी पिढीवाट प्रशिक्षित हुने अवसर प्रदान गर्नु ।

घ) नयां पुस्तामा रहेको जीवनोन्मुख सम्भावनालाई निकास दिनका लागि जीवनोपयोगी सोचको विकास गर्न पहल गर्नु ।

ङ) विश्वमा रहेका ज्ञान अनुभवहरु उपलव्ध गराई अध्ययन-अनुसन्धान र विचार निर्माण गर्न मद्दत पुराउनु तथा प्रकाशन गर्नु ।

च) माक्र्सीय गुरुकुलले मानवीय मूल्य मान्यतालाई सही अर्थमा स्थापित गर्न भूमिका खेल्न प्रयत्न गर्नु ।

छ) समाजका लागि कार्यन्वयन गरिने नीतिहरुमा अध्ययन अनुसन्धान गरी सम्बन्धित निकायमा नीति प्रभाव बारेमा सुझाव दिने ।

ज) राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ, संस्था, निकायहरुसंग सम्बन्ध विस्तार गरी सहकार्य गर्ने ।

झ) सस्थाले गरेका कार्यहरुका विभिन्न प्रकाशन प्रकाशित गर्ने ।

४.१ लक्ष्य

ध्यान, ज्ञान लगायतका गतिविधिवाट मनको प्रसन्नता तथा जीवनजगतको सूचनाको अभिवृद्धिका लागि योगलीला पाठशाला रद्वन्दात्मक गुरुकुल ९ाबचहष्बल क्अजयय ि० संचालन, अत्याधुनिक सूचना, ज्ञानको श्रोत थलो निर्माण, नयां पुस्तामा रहेको जीवनोन्मुख सम्भावनालाई निकास दिनका लागि नयां सोचको विकास थलो निर्माण र विश्रामगृहको निर्माण तथा संचालनको माध्यमवाट व्यावहारिक धरातलमै शान्तिपूर्ण र समृद्ध नेपालको निर्माणमा सहभागी हुनु, माक्र्सीय गुरुकुलको लक्ष्य हुनेछ ।

संस्थाले आफ्नो उद्देश्य प्राप्तिका लागि आवश्यक विविध काम गर्नेछ ।

५. संस्थाको उद्देश्य प्राप्त गर्न गरिने कामहरु ः-

यस उपर्युक्त उद्देश्यहरु प्राप्त गर्न देहायका कार्यहरु गरिने छ ।

क) संस्थाले प्रचलित नेपाल कानून बमोजिम सम्बन्धित निकायवाट अनुमति वा इजाजत प्राप्त गरी आफ्ना उद्देश्यहरु कार्यान्वयन गर्नेछ ।

ख) संस्थालाई आवश्यक स्वयसेवक तथा कर्मचारी नियुक्त गर्ने र तिनको सेवा शर्तहरु निर्धारण गर्ने स्वंयसेवक तथा कर्मचारी नियमावली तयार गरी लागू गरिने ।

ग) चित्त प्रसन्नता र मनको चैन प्राप्त गर्नको लावग ध्यान लगायतका विधिहरुसहित दैनिक र आवधिक योग शिविर संचालन गर्नु ।

घ) द्वन्द्वात्मक चेत अभिवृद्धि गर्न द्वन्दात्मक गुरुकुल ९क्अजयय िइा म्ष्भिअतष्अक० निर्माण तथा संचालन गर्नु ।

ड) विगतका स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय राजनैतिक, आर्थिक, सामाजिक सांस्कृतिक आदि सबै खाले आन्दोलन तथा अभियानहरुका अगुवाहरुवाट आजको पिढीलाई तत्कालीन अभियानहरुका अनुभवजन्य शिक्षा प्रदान गर्ने पाठशाला निर्माण तथा संचालन गर्नु ।

च) जीवनोपयोगी सोचको विकासका लागि अन्तरक्रया, भेला, छलफल कार्यक्रमको आयोजना गर्नुको साथै विचार र सिद्धान्तलाई कार्यरूप दिनको लागि व्यहारिक रूपमा क्रयाशील हुने उद्देश्यले आधार क्षेत्र निर्माण गरी कार्यक्रम आयोजना गर्ने ।

छ) विश्वका सबै कुनाका पुस्तकहरु, श्रव्यदृष्य सामाग्री संकलन गरी श्रोत केन्द्र, अध्ययन, अनुसन्धान केन्द्र निर्माण गर्नु, प्रकाशन गर्नु।

ज) मानवीय मूल्य मान्यतालाई स्थापित गर्नको लागि आवश्यक सवै खाले संरचना निर्माण तथा विश्रामगृहको निर्माण तथा संचालन गर्ने छ ।

झ) संस्थामा प्राप्त रकम बैंकमा जम्मा गरी बैंक खाता संचालन गर्नेछ ।

ञ) प्रतिबद्घता - यस संस्थाको कुनै क्रियाकलापले नेपाल तथा विदेशी राष्ट्रिय अन्तर्राष्ट्रिय संघ संस्था एवं कसंगठनको सम्बन्धमा प्रतिकूल असर पार्ने वा नेपालको परराष्ट्र

नीतिको बर्खिलाफ हुन जाने वा नेपालको अखण्डता, सार्वभौमसत्ता, स्वतन्त्रता तथा शान्ति सुरक्षामा खलल पुग्ने कुनै काम कुरा नगर्ने प्रतिबद्घता ब्यक्त गर्दछौं ।

## परिच्छेद – ३
## सदस्यता

**६. सदस्यहरुको वर्गीकरण ः-**

यस संस्थाको देहाय बमोजिम ४ प्रकारका सदस्यहरुको वर्गीकरण गरिएको छ ।

**क) साधारण सदस्य ः**

यस विधानको दफा ७ बमोजिम योग्यता पुगेको कुनै पनि नेपाली नागरिकले तोकिएको प्रक्रिया अन्तर्गत रही आवेदन गरी संस्थाको सदस्यता प्राप्त गर्ने व्यक्तिहरु साधारण सदस्य हुने छन् ।

**ख) संस्थापक सदस्य ः**

यस संस्था दर्ता हुदाँका बखतका पदाधिकारीहरु तथा यस संस्था स्थापनार्थ यस विधानमा सहीछाप गर्ने सबै व्यक्ति संस्थापक सदस्य हुनेछन् । संस्थापक सदस्यहरुले साधारण वा आजीवन सदस्यता लिएर विधान बमोजिम शुल्क बुझाउनु पर्नेछ ।

**ग) आजीवन सदस्य ः**

संस्थाको विकासको लागि विशेष सहयोग वा योगदान पुऱ्याउने व्यक्तिहरुलाई तोकिएको प्रक्रिया अन्तर्गत संस्थाको आजीवन सदस्यता प्रदान गरिनेछ ।

**घ) मानार्थ सदस्य ः**

संस्थाले उपयुक्त ठहर गरेको विशिष्ट समाजसेवी तथा प्रतिष्ठित नेपाली तथा विदेशी नागरीक वा संस्थालाई संस्थाको मानार्थ सदस्य प्रदान गर्न सकिनेछ । तर मानार्थ सदस्यमा मताधिकार रहने छैन ।

**७. सदस्यता प्राप्तको लागि आवश्यक योग्यता ः-**

यस संस्थाको सदस्यताको लागि देहाय बमोजिम योग्यता पुगेको हुनुपर्नेछ ।

क) नेपाली नागरिक ।

ख) १६ वर्ष उमेर पूरा गरेको ।

ग) मानसिक सन्तुलन नगुमाएको ।

घ) सार्वजनिक सम्पति हिनामिना गरेको नठहरेको ।

ङ) नैतिक पतन देखिने फौजदारी र भ्रष्टाचारीको अभियोगमा सजाय नपाएको ।

८. संस्थाको सदस्य प्राप्त गर्न वा बहाल रहन नसक्ने अवस्था ः-

**देहायको अवस्थामा कुनै व्यक्ति संस्थाको सदस्यताको सदस्य पद प्राप्त गर्न सक्नेछैन ।**

क) १६ वर्ष उमेर पूरा नगरेको ।

ख) मगज विग्रेको वा बौलाएको ।

ग) सार्वजनिक सम्पति हिनामिना गरेको ठहरेको ।

घ) नैतिक पतन देखिने फौजदारी र भ्रष्टाचारीको अभियोगमा सजाय पाएको ।

ङ) सम्बन्धित संस्थाको व्यबसायमा निजी स्वार्थ भएको ।

**९. सदस्यताको समाप्ति** ः-

१. देहायको अवस्थामा कुनै व्यक्ति संस्थामा बहाल रहने छैन ।

क) यस विधानको दफा ८ बमोजिमको सदस्य पद प्राप्त गर्न नसक्ने भएमा ।

ख) साधारण सभाको ७५% सदस्यहरुको बहुमतले संस्थाको सदस्य पदवाट हटाउने प्रस्ताब पारित गरेमा ।

ग) सदस्यले आफनो पदवाट दिएको राजिनामा स्वीकृत भएमा ।

घ) संस्थाको काम कारवाहीमा वेइमानी वा बदनियत गरेको कुरा सक्षम निकायवाट प्रमाणित भएमा ।

ङ) यस विधान बमोजिम संस्थाले गर्न नहुने भनी तोकिदिएको कुनै कार्य गरेमा ।

च) सदस्यता शुल्क बुझाउन बाँकी भएमा ।

छ) संस्था विघटन भै खारेज भएमा ।

२. कुनै व्यक्ति संस्थाको सदस्यता प्राप्त गर्न वा बहाल रहन अयोग्य ठहराउनुभन्दा अघि संस्थाले निजलाई सो कुराको सूचना दिई सफाइको प्रमाण पेश गर्ने मौका दिनेछ ।

**१०. सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने विधि ः-**

यस विधानको दफा ६ बमोजिमको सदस्यहरुले देहाय बमोजिमको उपदफामा तोकिएको शुल्क तिरी सदस्यता प्राप्त गर्न सक्ने छन् ।

**१. साधारण सदस्य ः**

क) साधारण सदस्यता प्राप्त गर्न चाहने व्यक्तिले प्रबेश शुल्क वापत रु. २५००/- दुईहजार पाँचशय मात्र) बुझाई तोकिएको प्रक्रिया अनुसार आवेदन पेश गर्ने व्यक्तिलाई कार्य समितिको निर्णयले साधारण सदस्यता प्रदान गर्न सक्नेछ ।

ख) त्यस्ता साधारण सदस्यले प्रत्येक वर्ष वार्षिक नवीकरण शुल्क रु. १००० अक्षरुपी एकहजार मात्र ) बुझाई सदस्यता नवीकरण गराउनु पर्नेछ ।

ग) साधारण सदस्य प्राप्त गर्ने सदस्यले प्रत्येक वर्षको असोज महिनाको मसान्त भित्र नवीकरण गराई सक्नुपर्नेछ र त्यस पछिको हकमा तोकिए बमोजिमको थप दस्तुर बुझाई नवीकरण गर्न सक्नेछ ।

**२. संस्थापक सदस्य ः**

क) यस संस्था दर्ता हुँदाको बखतका पदाधिकारीहरु तथा यस संस्था स्थापनार्थ यस विधानमा सहीछाप गर्ने व्यक्ति संंस्थापक सदस्य हुनेछन् ।

ख) संस्थापक सदस्यहरुले विधानमा उल्लेख भए बमोजिम साधारण सदस्य वा आजीवन सदस्य बापतको सदस्यता वा नवीकरण शुल्क वुझाई संस्थाको आफनो सदस्यता कायम राख्न सक्नेछन् ।

ग) संस्थापक सदस्यहरुलाई आजीवन सदस्य मानिनेछ ।

**३. आजीवन सदस्य ः**

संस्थामा एकमुष्ट रु. १०,०००/- अक्षरुपी दश हजार मात्र ) बुझाई तोकिएको प्रक्रिया अन्तर्गत आवेदन दिने व्यक्तिहरुलाई कार्य समितिको निर्णयले आजीवन सदस्यता प्रदान गर्न सक्ने छ ।

४. मानार्थ सदस्य ः

साधारण सभाको निर्णयले उपयुक्त ठानेको समाजसेवी विशिष्ट व्यक्ति तथा प्रतिष्ठित स्वदेशी/विदेशी नागरिक एवं संस्थालाई संस्थाको मानार्थ सदस्य प्रदान गर्न सकिनेछ , तर मानार्थ सदस्यको मताधिकार रहनेछैन । यस्ता सदस्यहरुको सदस्यता शुल्क र नवीकरण शुल्क लाग्ने छैन ।

क) सबै सदस्यहरुले यस विधान र विधान अन्तर्गत बनेको नियम र विनियम बमोजिम भएको व्यबस्थाको पालना गर्नु पर्नेछ ।

ख) संस्थाले प्रदान गरेको उपदफा १, २, ३ र ४ अनुसारको सदस्यहरुको अभिलेख तोकिएको ढाँचामा छुट्टाछुट्टै अभिलेख पुस्तिका राखिनेछ ।

**परिच्छेद – ४**

साधारण सभा, कार्य समिति तथा बैठक सम्बन्धी व्यवस्था

**११. साधारण सभाको गठन** :-

१. यस सस्थाको विधानको दफा ७ अनुसार सदस्यता प्राप्त गर्ने मानार्थ सदस्यहरु वाहेक अन्य सदस्यहरु रहेको संस्थाको साधारण सभा गठन हुनेछ । मानार्थ सदस्यहरु आमन्त्रित हुने छन् । साधारण सभा संस्थाको सर्वोच्च अंग हुनेछ ।

२. यस संस्थाको साधारण सभा, देहाय बमोजिम हुनेछ ।

क) वार्षिक साधारण सभा : वर्षको एक पटक वार्षिक साधारण सभा बस्नेछ ।

ख) विशेष साधारण सभा : संस्थाको कुल सदस्य संख्याको एक चौथाइ सदस्यहरुले कारण जनाई विशेष साधारण सभा माग गरेमा कार्य समितिले कम्तीमा सात दिनभित्र अनिवार्य रूपमा विशेष साधारण सभा बोलाउनु पर्दछ । तर साधारण सभा वा विशेष सभा बसेको ६ महिनाभित्र पुनः विशेष साधारण सभा बस्न सक्नेछैन ।

३. यस संस्थाको प्रथम वार्षिक साधारण सभा संस्था स्थापना भएको आ.ब. समाप्त भएको मितिले दुई महिना भित्रमा गरिनेछ र त्यस पछिका प्रत्येक वार्षिक साधारण सभाहरु आर्थिक वर्ष समाप्त भएको मितिले २ दुई) महिना भित्र गरिने छ ।

४.	यस संस्थाको वार्षिक साधारण सभा गर्नको लागि कम्तिमा १५ दिन अगाबै र विशेष साधारण सभा गर्नका लागि कम्तिमा  सात दिन अगाबै सभा हुने स्थान, मिति, समय र छलफल गर्ने विषय खोली सबै सदस्यहरुलाई अनिवार्य रुपले सूचना दिइनेछ ।

५.	उपदफा ४ बमोजिम वोलाइएको साधारण सभा वा विशेष  साधारण सभामा विधानको दफा १८ बमोजिमको गणपूरक संख्या नपुगी सभा हुन नसकेमा कम्तीमा ७  सात) दिनको म्याद दिई पुनः साधारण सभा वोलाइनेछ ।

६.		साधारण सभा र विशेष सधारण सभाको छुट्टाछुट्टै निर्णय पुस्तिका राखिनेछ ।

**१२.	साधारण सभाको काम**, **कर्तव्य र अधिकार** ः-

साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क)	कार्य समितिले पेश गरेको योजना कार्यक्रमहरु, वार्षिक बजेट,  प्रतिबेदनहरु उपर छलफल गरी पारित गर्ने ।

ख)	लेखा परीक्षकवाट प्राप्त भएको वार्षिक लेखा परीक्षण प्रतिवेदनमाथि छलफल गरी नियमित गर्न नमिल्ने बेरुजु रकमहरु अशूल उपर गरी फछर्यौट गर्नको लागि कार्य समितिलई निर्देशन दिने ।

ग)	आगामी वर्षको लागि लेखा परीक्षकको नियुक्ति गर्ने र पारिश्रमिक निर्धारण गर्ने ।

घ)	संस्थाको वार्षिक कार्य प्रगति विवरण र संस्थाले गरेको कार्यहरुको मूल्याङ्कन गरी कार्य समितिलाई आवश्यक निर्देशन दिने ।

ङ)	संस्थाको कार्य समितिका पदाधिकारीहरुको पदावधि पुगेको अवस्थामा कार्य समितिका पदाधिकारीहरुको विधान बमोजिमको प्रक्रिया अन्तर्गत रही निर्वाचन गर्ने ।

च)	कार्य समितिद्वारा पेस भएका विधान संशोधन, नियम तथा विनियम स्वीकृत गर्ने ।

छ)	मानार्थ सदस्यता प्रदान गर्ने ।

ज)	कार्यसमितिवाट संस्थाको हित अनुकुल भएका काम कारवाहीहरुको औचित्य हेरी अनुमोदन गर्ने ।

झ)	संस्थाको आफनै आन्तरिक श्रोतवाट बेहोर्ने गरी कार्य समितिले पेश गरेको कर्मचारीहरुको दरवन्दी, पारिश्रमिक भत्ता तथा अन्य सुविधाहरुमा आवश्यकता अनुरूप स्वीकृति प्रदान गर्ने ।

ञ)	कार्य समिति वा साधारण सदस्यहरुद्वारा रीतपूर्वक प्रस्तुत गरेका प्रस्तावहरुमाथि छलफल गरी नियम मुताविक निर्णय गर्ने ।

**१३.	कार्य समितिको गठन** ः-

१.	साधारण सभाका सदस्यहरुवाट निर्वाचित  देहाय बमोजिमको पदाधिकारीहरु रहने १५ सदस्यीय एक कार्य समिति गठन गरिनेछ

| | | |
|---|---|---|
| अध्यक्ष | – | १ |
| उपाध्यक्ष | – | १ |
| सचिव | – | १ |
| सह सचिव | – | १ |
| कोषाध्यक्ष | – | १ |
| सदस्यहरु | – | २ |

२.	कार्य समितिको  कार्यकाल २ दुई) वर्षको हुनेछ ।

३.	वार्षिक साधारण सभा हुनुभन्दा अगावै कार्य समितिमा निर्वाचित कुनै सदस्यको पद रिक्त हुन आएमा बाँकी अवधिका लागि कार्य समितिद्वारा मनोनित गर्न सकिनेछ । यसरी नियुक्त सदस्यको कार्यकाल जुन सदस्यको पद रिक्त भएको हो सो सदस्यको बाँकी कार्यकालसम्मका लागि मात्र हुनेछ तर अन्य निर्वाचित पदहरुको लागि विधान बमोजिम बाँकी अवधिको निमित्त निर्वाचन प्रक्रियाद्वारा पदपूर्ति गरिनेछ ।

४.	कार्य समितिको बैठक आवश्यकता अनुसार अध्यक्षले वोलाउनेछ । तर कार्य समतिको पदाधिकारीहरुको जम्मा संख्याको ५१% ले बैठक वोलाउन माग गरेमा अध्यक्षले कार्य समितिको बैठक तुरुन्त बोलाउनु पर्नेछ ।

५. कार्य समितिका पदाधिकारीहरुको कूल संख्याको ५१% पदाधिकारीहरु उपस्थित नभई कार्य समितिको बैठक बस्ने छैन ।

६. कार्य समिति बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपाध्यक्षले र उपाध्यक्ष पनि अनुपस्थित रहेमा बैठकमा उपस्थित भएका सदस्यहरुमध्ये जेष्ठ सदस्यले अध्यक्षता गर्नेछ ।

७. कार्य समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछ ।

८. कार्य समितिको बैठकमा छलफल भएको विषयहरुको निर्णय छुटै निर्णय किताबमा लेखिनेछ र सो निर्णय विवरणमा बैठकमा उपस्थित सम्पूर्ण सदस्यहरुले सही गर्नु पर्नेछ तर निर्णयमा असहमति जनाउनेहरुले कैफियत खोली सही गर्नु पर्नेछ ।

। संस्थाले गर्ने भनेको सम्पूर्ण कार्य, कार्य समितिको निर्णयवाट हुनेछ ।

१०. एकै व्यक्ति २ कार्यकालमा हुन आउने ४ वर्ष मात्र अध्यक्षको जिम्मेवारीमा कार्यरत रहनसक्ने व्यवस्था गरिएको छ ।

११. माथिका दफाहरु जुनसुकै कुरा लेखिएको भए तापनि कार्य समितिले गर्न पाउने कुनै कार्यको सम्बन्धमा कार्य समितिका सबै पदाधिकारीहरु लिखित रूपमा सहमत भएमा त्यस्तो सहमतिलाई निर्णय पुस्तिकामा संलग्न गरी त्यस्तो काम बैठकविना पनि गर्न सकिनेछ । उपरोक्त बमोजिमको सहमतिलाई कार्य समितिको बैठकको निर्णय सरह मानिनेछ ।

**१४. कार्य समितिको काम, कर्तव्य र अधिकार ः-**

कार्य समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

१. संस्थाको आगामी वर्षको वार्षिक कार्यक्रम तथा अनुमानित बजेट बनाई साधारण सभामा प्रस्तुत गर्ने ।

२. साधारण सभाप्रति उत्तरदायी रहने र सभाको निर्णय कार्यान्वयन गर्ने गराउने ।

३.	संस्थाको उद्देश्य प्राप्तिका लागि उपलव्ध साधन र श्रोतको अधिकतम उपभोग र प्रयोग गर्ने ।

४.	संस्थाको कार्य सम्पादन गर्न कार्य योजना बनाउने, श्रोत जुटाउने, कार्यान्वयन, सुपरीवेक्षण र अनुगमन गर्ने ।

५.	संस्थाको कोष र सम्पत्ति सुरक्षित तरिकाले राख्न लगाउने र बैंक खाता खोली संचालन गर्ने ।

६.	संस्थाको कर्मचारीहरुको सेवा शर्त र सुविधा आदि सम्बन्धी कर्मचारी नियमावली बनाई साधारण सभाबाट स्वीकृत गराई लागू गर्ने गराउने ।

७.	संस्थाको उदेश्य परिपूर्तिको लागि आफनो कार्य अवधिमा कानुनी सल्लाहकार नियुक्ति गरी निजको मासिक पारिश्रमिक तोक्ने र उपयुक्त व्यक्तिहरुको सल्लाहाकार समिति र अन्य उपसमिति गठन गर्ने र आवश्यकता अनुरूप अधिकार र कार्यको वाँडफाँड गर्ने गराउने ।

८.	संस्थाको नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।

।	कार्यसमितिका पदाधिकारी सदस्यहरु लगातार ३ पटक कार्यसमितिको वैठकमा विना सूचना उनुपस्थिति भएमा पद मुक्त भएको मानिनेछ ।

**१५.	पद त्याग गर्न सक्ने** ः-

अध्यक्षले उपाध्यक्षमार्फत् कार्य समिति समक्ष र उपाध्यक्ष तथा अन्य पदाधिकारीहरुले अध्यक्षसमक्ष राजिनामा दिई पद त्याग गर्न सक्ने छन् ।

**१६.	अन्य समितिहरु** ः-

१.	यस विधानको परिधिभित्र रहेर संस्थाको कार्य संचालनको लागि कार्य समितिले आवश्यकता अनुसार अन्य समिति वा उपसमितिहरु गठन गर्न सक्नेछ तर उक्त निर्णय साधारण सभाको बैठकद्वारा अनुमोदन गराउनु पर्ने छ ।

२.	उप-समितिको कर्तब्य र अधिकार कार्य समितिले तोकी दिए बमोजिम हुनेछ ।

**परिच्छेद – ५**

**पदाधिकारीहरुको काम कर्तव्य र अधिकार**

**१७. पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार :-**

कार्य समितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

१. अध्यक्षको काम, कर्तव्य र अधिकार :

क) समिति र सभाको बैठकको अध्यक्षता गर्ने, बैठक संचालन गर्ने ।

ख) निर्णायक मत दिने ।

ग) संस्थाको तर्फवाट प्रतिनिधित्व गर्ने वा प्रतिनिधि तोक्ने ।

घ) संस्थाको नेतृत्व लिने ।

ड.) आवश्यकता अनुसार बैठकहरु वोलाउन सचिवलाई निर्देशन दिने ।

च) अन्य पदाधिकारी एबं सदस्यहरुलाई कामको वांडफांड गर्ने ।

छ) अभिलेख प्रमाणित गर्ने ।

२. उपाध्यक्षको काम, कर्तव्य र अधिकार :

क) अध्यक्षको अनुपस्थितिमा समिति र सभाको बैठकको अध्यक्षता गर्ने, बैठक संचालन गर्ने ।

ख) अध्यक्षले तोके बमोजिम संस्थाको तर्फवाट प्रतिनिधित्व गर्ने वा प्रतिनिधि तोक्ने ।

ग) अध्यक्षको अनुपस्थितिमा संस्थाको नेतृत्व लिने ।

घ) अध्यक्षको अनुपस्थितिमा आवश्यकता अनुसार बैठकहरु वोलाउन सचिवलाई निर्देशन दिने ।

ङ) अन्य पदाधिकारी एबं सदस्यहरुलाई कामको वांडफांड गर्ने ।

३. सचिबको काम, कर्तव्य र अधिकार :

क) संस्थाको सचिवालयको रेखदेख र संचालन गर्ने ।

ख) अध्यक्षको निर्देशन अनुसार बैठक र सभा वोलाउने ।

ग) अभिलेख सुरक्षित राख्ने ।

घ) अध्यक्षले दिएको अन्य जिम्मेवारी पूरा गर्ने ।

ङ) निर्णय पुस्तिकाहरु जिम्मामा राख्ने ।

च) बैठक वा सभाहरुको निर्णय अभिलेख गर्ने ।

छ) संस्थाको हितमा अन्य कार्यहरु गर्ने ।

४. सह-सचिवको काम, कर्तव्य र अधिकार ः

क) सचिवलाई सहयोग गर्ने ।

ख) सचिवले दिएको जिम्मेवारी पूरा गर्ने ।

ग) सचिवको अनुपस्थितिमा सचिवले गर्ने कार्य गर्ने ।

घ) सचिवले तोके बमोजिम संस्थाको तर्फवाट प्रतिनिधित्व गर्ने वा प्रतिनिधि तोक्ने ।

ङ) संस्थाको हितमा अन्य कार्य गर्ने ।

५. कोषाध्यक्षको काम, कर्तव्य र अधिकार ः

क) संस्थाको कोषको रेखदेख र संचालन गर्ने ।

ख) साधारण सभामा आर्थिक प्रतिबेदन र बजेट पेस गर्ने ।

ग) लेखा दुरुस्त राख्ने ।

घ) नियमितरूपमा वार्षिक लेखा परीक्षण गराउने ।

ङ) संस्थाको हर हिसावको जिम्मा लिने ।

च) संस्थाको हितमा अन्य कार्यहरु गर्ने ।

६. सदस्यहरुको काम, कर्तव्य र अधिकार ः

क) समितिको बैंठकमा सक्रिय सहभागिता जनाउने ।

ख) संस्थाको कार्यमा रचनात्मक भूमिकाको निर्वाह गर्ने ।

ग) संघको नीति निर्माणमा सुझाव दिने, निर्णयमा मतदान गर्ने र कार्यान्वयनमा सहयोग गर्ने ।

घ) संघको हितमा अन्य कार्यहरु गर्ने ।

**१८. गणपूरक संख्या ः-**

१. कूल सदस्य संख्याको ६० साठी) प्रतिशत साधारण सदस्यहरुको उपस्थित नभई साधारण सभाको काम कारवाही हुने छैन ।

२. तर विधानको दफा ११ को ५) मा उल्लेख भए बमोजिम, पुनः वोलाइएको साधारण सभामा कुल सदस्य संख्याको ५१% उपस्थित भएमा सभा गर्न वाधा पर्ने छैन ।

**परिच्छेद** - **६**

**आर्थिक व्यबस्था**

१. संस्थाको कोष ः-

१. संस्थाको आफ्नो एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहाय बमोजिम प्राप्त रकमहरु जम्मा हुने छन् ।

क) सदस्यता वापत प्राप्त प्रबेश शुल्क, सदस्यता शुल्क र नवीकरण शुल्क लगायतको रकम ।

ख) कसैले स्वेच्छाले दिएको अनुदान, सहायता वापत प्राप्त रकम ।

ग) संस्थाको चल अचल सम्पतिबाट प्राप्त रकम ।

घ) विदेशी संस्था व्यक्ति वा अन्तराष्ट्रिय संघ सस्थावाट सहयोग वापत प्राप्त रकम ।

ङ) स्थानीय निकायवाट प्राप्त अनुदान वा सहयोग वापत प्राप्त रकम ।

च) नेपाल सरकारका निकायहरु लगायतका विभिन्न संस्थावाट प्राप्त रकम ।

छ) अन्य कुनै पनि बैधानिक श्रोतबाट प्राप्त रकमहरु ।

२. स्वीकृति लिनुपर्ने ः विदेशी संघ संस्था वा व्यक्तिबाट आर्थिक सहयोग तथा अनुदान लिने भए संस्थाले समाज कल्याण परिषद्को पूर्वस्वीकृति लिनेछ ।

३. संस्थामा प्राप्त रकम स्थानीय बैंकमा जम्मा गरी बैंक खाता संचालन गरिनेछ ।

**२० बैंक खाताको संचालन ः-**

संस्थाको बैंक खाता अध्यक्ष, सचिव र कोषाध्यक्ष ३ जना मध्ये कोषाध्यक्षको अनिवार्य र अध्यक्षसचिवमध्ये कुनै १ जना गरी दुई जनाको संयुक्त दस्तखतवाट संचालन हुनेछ । प्रचलित ऐन नियम अनुसार खर्च गर्ने तथा खर्चको श्रेस्ता राख्ने व्यबस्था गरिनेछ ।

**२१. कोषको रकम खर्च गर्ने तरिका** ाः-

संस्थाको कोषमा जम्मा भएको रकम खर्च गर्दा देहाय बमोजिम तरिका अपनाई खर्च गरिनेछ ।

क) संस्थाको वार्षिक बजेट योजना र कार्यक्रम स्वीकृत नगरी कोषवाट खर्च गर्न सकिने छैन ।

ख) साधारण सभावाट पारित बजेट र कार्यक्रमको अधीनमा रही कोषवाट रकम खर्च गर्न सकिनेछ ।

ग) कोषवाट खर्च भएको रकमको आर्थिक प्रतिवेदन साधारण सभामा अनिवार्य रूपले पेश गर्नुपर्नेछ ।

घ) कोषको रकम खर्च गर्दा तोकिएबमोजिम खर्च गर्नुपर्नेछ ।

२२. संस्थाको लेखा र लेखा परीक्षण ाः-

१. संस्थाको आय व्ययको लेखा प्रचलित कानुन बमोजिम स्पष्ट तवरले राखिनेछ ।

२. संस्थाको लेखा परीक्षण प्रचलित कानुन बमोजिम रजिष्टड लेखा परीक्षकबाट हुनेछ ।

३. नेपाल सरकार वा स्थानीय अधिकारीले चाहेमा जुनसुकै बखतमा पनि आफै वा मातहतका कर्मचारीहरु खटाई संस्थाको हिसाब किताव जाँच गर्न गराउन सक्नेछ ।

४. लेखा परीक्षकको नियुक्ति साधारण सभावाट हुनेछ । तर प्रथम वार्षिक साधारण सभा नभएसम्म लेखा परीक्षकको नियुक्ति कार्य समितिबाट हुनेछ ।

५. संस्थाको लेखा परीक्षण प्रतिवेदन र वार्षिक कार्य प्रगति विवरणको १/१ प्रति स्थानीय अधिकारी, जि.वि.स., समाज कल्याण परिषद् र सम्बन्धित निकायमा पेश गरिनेछ ।

**परिच्छेद – ७**

निर्वाचन, अविश्वासको प्रस्ताव, विधान संशोधन सम्बन्धी व्यवस्था

**२३. निर्वाचन सम्बन्धी व्यबस्था ः-**

क) कार्य समितिको निर्वाचन प्रयोजनको लागि बढीमा ३ जनाको एक निर्वाचन समिति कार्य समितिद्वारा गठन गरिनेछ ।

ख) निर्वाचन समितिले प्रचलित कानुनको अधीनमा रहेर निर्वाचन कार्यविधि आफै व्यवस्थित गर्नेछ ।

ग) निर्वाचन सम्बन्धी कुनै विवाद उत्पन्न भएमा निर्वाचन समितिले गरेको निर्णय नै अन्तिम हुनेछ ।

घ) निर्वाचन सम्पन्न भै परिणाम घोषित भएको भोलिपल्ट निर्वाचन समितिको स्वतः विघटन हुनेछ ।

**२४. उम्मेदवार हुने योग्यता ः-**

कार्य समितिको उम्मेदवार हुन देहाय बमोजिमको योग्यता पुगेको हुनु पर्नेछ ।

क) उमेर १८ वर्ष पुगेको ।

ख) नेपाली नागरिक ।

ग) संस्थाको तिर्नुपर्ने रकम बाँकी नरहेको ।

घ) मानसिक सन्तुलन नबिग्रिएको ।

ङ) संस्थाको साखलाई आँच आउने कार्य नगरेको ।

च) नेपालको प्रचिलित कानून अनुसार फौजदारी आभियोगमा सजाय नपाएको ।

छ) संस्थामा कम्तिमा १ वर्ष साधारण सदस्यको रूपमा काम गरेको ।

२५. अविश्वासको प्रस्ताव ः-

१. अविश्वासको प्रस्तावको प्रक्रिया ः अविस्वासको प्रस्ताव कुन पदाधिकारीको विरुद्धमा हो, स्पष्ट खुलाई लिखित रूपमा देहाय बमोजिमको रित पुर्‍याई संस्थामा दर्ता गर्नुपर्नेछ ।

क)	नेपाली भाषामा शिष्ट शब्दको प्रयोग गरी लेखिएको हुनुपर्छ ।

ख)	प्रस्तावको विषय स्पष्ट र व्यवहारिक हुनुपर्छ ।

ग)	साधारण सभा सदस्यहरुमध्येवाट कम्तीमा एक चौथाई सदस्यहरुको प्रष्ट नाम, थर र ठेगाना खुलाई सही भएको हुनुपर्छ ।

२.	सूचना दिनुपर्ने ः उपदफा १ बमोजिम संस्थामा दर्ता भएको अविश्वासको प्रस्तावको स्पष्ट विषय खुलाई साधारण सभा वा विशेष सधारण सभा बस्ने स्थान, मिति, समय समेत तोकी संस्थाको साधारण सभाको सम्पूर्ण पदाधिकारी र सदस्यहरुलाई विधानको दफा ११ ४) बमोजिम साधारण सभा वा विशेष साधारण सभा बस्ने सूचना दिइनेछ ।

३.	अविश्वासको प्रस्ताब माथि छलफलको प्रक्रिया ः

क)	साधारण सभामा अध्यक्षता गर्ने व्यक्तिले साधारण सभामा उप-दफा १ बमोजिमको प्रस्ताब पेश गर्न अनुमति दिनेछ र प्रस्तावक मध्ये १ जनाले अविस्वासको प्रस्ताव ल्याउनु पर्ने कारण सहितको अभिमत सभा समक्ष प्रस्तुत गर्नेछ ।

ख)	उपदफा ३ क) बमोजिम अभिमत प्रस्तुत गरे पछि सो प्रस्ताब उपर मत प्रकट गर्न चाहने बढीमा तीन जना सदस्यहरुलाई अध्यक्षले अभिमत प्रकट गर्न अनुमति दिन सक्नेछ ।

ग)	उप-दफा १) बमोजिम अविश्वासको प्रस्ताव जुन पदाधिकारीहरु विरुद्ध प्रस्तुत गरीएको हो सो पदाधिकारीलाई अध्यक्षता गर्ने व्यक्तिले सफाई पेश गर्ने मौका दिनेछ ।

४.	अविश्वासको प्रस्तावमाथि निर्णय ः

१.	अविश्वासको प्रस्ताब उपर आफ्नो भनाइ प्रस्तुत गर्ने क्रम समाप्त भएपछि अध्यक्षता गर्ने व्यक्तिले सो अविश्वासको प्रस्तावको निर्णयको लागि देहाय बमोजिमको कुनै एक तरिका अपनाई अविश्वासको प्रस्तावको निर्णय गर्नेछ ।

क)	अविश्वासको प्रस्तावको पक्षमा मत प्रकट गर्ने एक समूहमा र विपक्षमा मत प्रकट गर्ने अर्को समूहमा छुट्याएर वा

ख)	साधारण सभाका सदस्यहरुलाई अविश्वासको प्रस्तावको पक्ष र विपक्षमा गोप्य मतदान गराएर ।

२.	साधारण सभाको कुल सदस्य संख्याको २/३ दुई तिहाई ) बहुमतले अविश्वासको प्रस्ताब पारित हुने छ । त्यस्तो प्रस्ताब पारित भएमा प्रस्तावित पक्षका व्यक्तिहरु पद मुक्त हुनेछन् ।

३.	निर्वाचित भएको ६ महिना नपुगी वा प्रस्ताब विफल भएको ६ महिना नपुगी त्यस्तो व्यक्ति उपर  पुनः अविश्वासको प्रस्ताब ल्याउन पाइनेछैन ।

**२६.	विधान संशोधन** ः-

कुल सदस्य संख्याको २/३ दुई तिहाई) साधारण सभा सदस्यहरुले अनुमोदन गरेपश्चात् मात्र विधानको कुनै दफा संशोधन वा खारेजको लागि स्थानीय अधिकारी समक्ष सिफारिस गरी पठाउनुपर्नेछ । स्थानीय अधिकारीबाट स्वीकृत भए पश्चात मात्र संस्थाको कुनै दफा संशोधन वा खारेज भएको मानिने छ ।

**२७.	नियम /विनियम बनाउन सक्ने** ः-

१.	संस्थाले आफनो कार्य सम्पादन गर्ने सन्दर्भमा आवश्यक नियम बनाउन सक्नेछ र सो नियम साधारण सभावाट पारित गराई लागू हुनेछ, स्थानीय अधिकारीलाई सोको जानकारी दिनुपर्नेछ ।

२.	यो विधान र विधान अन्तर्गत बनेको नियमको अधिनमा रही संस्थाको कार्य संचालन र उद्देश्य कार्यान्वयनका लागि कार्य समितिले कर्मचारी व्यबस्था र आर्थिक प्रशासन सम्बन्धी विनियम बनाई लागू गर्न सक्नेछ । त्यस्ता विनियमहरु साधारण सभावाट अनुमोदन गराउनु पर्नेछ ।

२८.	कर्मचारीको व्यबस्था ः-

क)	संस्थाको दैनिक कार्य संचालन र योजना तथा कार्यक्रम संचालनको लागि आवश्यक कर्मचारी, उनीहरुको पारिश्रमिक, भत्ता तथा अन्य सुविधा र उनीहरुको सेवा शर्त र कार्यविधि तोकिए बमोजिम हुनेछ ।

ख)	संस्थाले विदेशी सल्लाहाकार वा स्वयम्सेवक राखी कार्यक्रम सञ्चालन गर्नु पर्ने भएमा निजले काम गर्ने अवधि, पुऱ्याउने सेवा, कामको औचित्य, सुविधा र तिनको योग्यता समेतको जानकारी स्थानीय अधिकारी, जिल्ला विकास समिति र समाज कल्याण परिषदलाई दिइनेछ ।

२.	संस्था खारेजी ः-

१.	साधारण सभाले आवश्यक देखेमा विशेष प्रस्ताव पारित गरी संस्था खारेज गर्न सक्नेछ ।

२.	उपदफा १ बमोजिम संस्थाको खारेजीको प्रस्ताव पारित गर्दा साधारण सभाले खारेजीको कामको लागि एक वा एकभन्दा बढी लिक्विडेटर र संस्थाको हिसाव किताब गर्नको लागि एक वा एकभन्दा बढी लेखा परीक्षक नियुक्त गर्न सक्नेछन् ।

३.	उपदफा २) बमोजिम नियुक्त लिक्विडेटर र लेखा परीक्षकहरुको पारिश्रमिक साधारण सभाले तोकिदिए बमोजिम हुनेछ ।

४.	यसरी विघटन खारेज भएको संस्थाको दायित्व फरफारक गरी बाँकी सम्पूर्ण जाय जेथा नेपाल सरकारको हुनेछ ।

**३०	व्याख्या** ः-

यो विधान र विधान अन्तर्गत बनेको नियम विनियमको व्याख्या गर्ने अधिकार कार्य समितिलाई हुनेछ ।

**३१.	गोप्यता भङ्ग गर्न नहुने** ः-

यस संस्थाका कुनै पनि पदाधिकारी वा सदस्यले संस्थाको अहित हुने कार्य गर्नु हुदैन । कार्य समितिका पदाधिकारी वा साधारण सभाका सदस्यहरुले बैठक वा साधारण सभामा असभ्य र अश्लील शब्दको प्रयोग गर्न पाइनेछैन ।

**३२.	ऐनअनुसार हुने** ः-

यस विधानमा उल्लेख नभएका कुराहरु यो विधान संस्था दर्ता ऐन, नियम र प्रचलित कानुनसँग बाझिन गएमा वाझिएको हदसम्म स्वतः बदर हुनेछ ।

**३३. निर्देशनको पालना ः-**

नेपाल सरकार वा स्थानीय अधिकारीले समय समयमा दिएको निर्देशनको पालना गर्नु संस्थाको कर्तव्य हुनेछ।

**३४ तदर्थ समिति ः-**

१. यो सस्था स्थापना गरी दर्ता गराउनको लागि गठित तदर्थ समितिले ६ महिना भित्र साधारण सभा बोलाई विधान अनुसारको निर्वाचन समिति गठन गरी नयाँ कार्य समितिको निर्वाचन गराउने छ र सो को जानकारी स्थानीय अधिकारीहरुलाई दिइनेछ ।

२. प्रथम पटक निर्वाचन सम्पन्न नभएसम्मको अवस्थामा कार्य समितिले गरेको काम कारवाही यसै विधान सरह भएको मानिनेछ ।

**३५. कार्यसमितिका पदाधिकारीहरु र सदस्यहरुले पालना गर्नुपर्ने** ः- यस संस्थाको कुनै पनि पदाधिकारी वा सदस्यले संस्थाको अहित हुने कार्य गर्नु हँुदैन । कार्यसमितिका पदाधिकारीहरु वा साधारण सभाका सदस्यहरुको बैठकमा साधारण सभामा असभ्य र अश्लील शब्दको प्रयोग गर्न पाइनेछैन ।

**३६. हामी यो पदाधिकारीहरु विधानमा सहीछाप गर्दछौं ।**

| क्र.सं | संस्थापकको नाम, थर र ठेगाना | साक्षीका नाम, थर वतन र सहीछाप |
|---|---|---|
| १. | नाम ः- स्वनाम साथी<br>ठेगाना ः ६४५यलम्बरमार्ग, इचङ्गुनारायण -६, काठमाडौं<br>हाल ः- का.म.न.पा.१०, १२ नारायणेश्वर माग' | नाम ः- सरस्वती पौड्याल<br>ठेगाना ः- का.म.न.पा-१०, ५६२,सहभागिता मार्ग<br>दस्तखत ः- |
| २. | नाम ः- देवेन्द्र पौडेल<br>ठेगाना ः- अमलाचौर-१, बाग्लुङ<br>हाल ः- का.म.न.पा.-१०, ग३१६, सहभागिता मार्ग | नाम ः- गनु चौलागाईँ<br>ठेगाना ः- का.म.न.पा-१०, ५६२,सहभागिता मार्ग<br>दस्तखत ः- |

| | | |
|---|---|---|
| ३. | नाम ः- घनश्याम शर्मा पौड्याल<br>ठेगाना ः- भरतपुर न.पा-१०, चितवन<br>हाल ः- का.म.न.पा-१०, ५६२ सहभागिता मार्ग | नाम ः- दानबहादुर विश्वकर्मा<br>ठेगाना ः- का.म.न.पा.३५, नरेफाँट<br>दस्तखत ः |
| ४. | नाम ः- सुनिलवावु पन्त<br>ठेगाना ः- गाईखुर-४, गोरखा<br>हाल ः- का.म.न.पा., -१०,वानेश्वर,<br>५६२ सहभागितामार्ग | नाम ः- शिवकुमार महरा<br>ठेगाना ः- का.म.न.पा.३५, कोटेश्वर<br>दस्तखत ः- |
| ५. | बालकृष्ण गैह्रे<br>ठेगाना ः- भगवतीपुर-२, तनहूँ<br>हाल ः- का.म.न.पा.-१०,<br>ग३१६,सहभागिता मार्ग | नाम ः- वलावती पौडेल<br>ठेगाना ः- चावहिल<br>दस्तखत ः- |
| ६. | नाम ः-किरण गौतम<br>ठेगाना ः- त्रिभुवन नगरपालिका-६,दाङ<br>हाल ः- का.म.न.पा.१०, १२नारायणेश्वर माग ˚ | नाम ः-पवन रेग्मी<br>ठेगाना ः- ल.उ.न.पा.१४, खुमलटार<br>दस्तखत ः- |
| ७. | नाम ः- शरदचन्द्र पौडेल<br>ठेगाना ः- काहूँ शिवपुर-७, तनहूँ<br>हाल ः- ।म.न.पा.१०, १२नारायणेश्वर माग | नाम ः-सृजना गैह्रे<br>ठेगाना ः- ल.पु.उ.न.पा.१४, ललितपुर<br>दस्तखत ः- |
| ८. | राजन पौडेल<br>ठेगानाः- अमलाचौर-१, बाग्लुङ<br>हाल ः- का.म.न.पा.-१०,<br>ग३१६,सहभागिता मार्ग | नाम ः- उपेन्द्र घिमिरे<br>ठेगाना ः- गौशाला, काठमाडौं<br>दस्तखत ः- |

## अनुसूची – १

**यस संस्थाको छाप वा लोगो यस प्रकार रहने छ ः-**

माक्र्सीय गुरुकुल २०६ गोलाकारमा लेखिएको हुनेछ ।

मिति ः- २०६⁄०३⁄२०

श्रीमान् प्रमूख जिल्ला अधिकारी ज्यू,
जिल्ला प्रशासन कार्यालय, काठमाडौं ।

विषय ः- संस्था दर्ता गरी पाउँ ।

हामीले "माक्र्सीय गुरुकुल" नामक सामाजिक संस्था, संस्था दर्ता ऐन, २०३४ वमोजिम दर्ता गर्न चाहेकोले रु. १०/- को टिकट टाँसी प्रस्तावित विधानको ४ चार) प्रति, पदाधिकारीहरुको नागरीकताको प्रमाणित प्रतिलिपि १/१ प्रतिसमेत यसैसाथ संलग्न गरी देहायको विवरण खुलाई निवेदन गरेको छौं ।

विवरण

१. संस्थाको नाम ः- "माक्र्सीय गुरुकुल" – २०६ रहने छ ।

२. संस्थाको ठेगाना ः- का.जि. का.म.न.पा. वडा न-॥१०,नयां बानेश्वर

३. संस्थाको घर नं. १२.....टेलिफोन नं.०१४४८५२५६ .इमेल. =बचहष्बलनगचगपगर िन्कबष्|िअयक

४. संस्थाको मूलभूत उद्देश्य ः-

क) चित्त प्रसन्नताका तथा मनको चैनका प्राप्त गर्नको लागी सहयोगी भूमिका निर्वाहा गर्नु ।

ख) द्वन्द्वात्मक चेत अभिवृद्धि गरी आफ्नो समाज, राष्ट्र, अन्तराष्ट्र र समग्र पक्षको विश्लेषण गर्न सहयोग पुराउनु ।

ग) अनुभव आदान प्रदान गर्ने थलोको रुपमा विकास गरि नयाँ पिढीलाई अनुभवी पिढी वाट प्रशिक्षित हुने अवसर प्रदान गर्नु ।

घ) नयां पुस्तामा रहेको जीवनोन्मुख संभावनालाई निकास दिनका लागि जीवनोपयोगी सोचको विकास गर्न पहल गर्नु ।

ङ) विश्वमा रहेका ज्ञान अनुभवहरु उपलव्ध गराई अध्ययन अनुसन्धान र विचार निर्माण गर्न मद्धत पुराउनु ।

च) माक्र्सीय गुरुकुलले मानविय मुल्य मान्यतालाई सहि अर्थमा स्थापित गर्न भूमिका खेल्न प्रयत्न गर्नु ।

छ) समाजका लागी कार्यन्वयन गरिने नीतिहरुमा अध्ययन अनुसन्धान गरी संबन्धित निकायमा निती प्रभाव बारेमा सुझाव दिने ।

ज) राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ, संस्था, निकायहरुसंग सम्बन्ध विस्तार गरी सहकार्य गर्ने ।

झ) सस्थाले गरेका कार्यहरुका विभिन्न प्रकाशन प्रकाशित गर्ने ।

५.	संस्थाको आर्थिक श्रोत ःः- क) विभिन्न दाताहरुले दिएको नगद तथा जिन्सी तथा अन्य गैर सरकारी संस्थाहरुबाट प्राप्त सहयोग, सदस्यता शुल्क, सदस्यता नविकरण शुल्क ।

६.	प्रबन्ध समितिका पदाधिकारी ःः- हामी यो पदाधिकारीहरु  विधानमा सहीछाप गर्दछौं ।

| क्र.सं. | संस्थापकको नाम, थर र ठेगाना | साक्षीका नाम, थर वतन र सहीछाप |
|---|---|---|
| १. | नाम ःः-  स्वनाम  साथी<br>ठेगाना ःः ६४५यलम्बरमार्ग, इचङ्गुनारायण -६,<br>हाल ःः- का.म.न.पा.१०, १२नारायणेश्वर मार्ग    नाम ःः- सरस्वती पौड्याल<br>ठेगाना ःः- का.म.न.पा-१०, ५६२,सहभागिता मार्ग<br>दस्तखत ःः- | नाम ःः- सरस्वती पौड्याल<br>ठेगाना ःः- का.म.न.पा-१०, ५६२,सहभागिता मार्ग<br>दस्तखत ःः- |
| २. | नाम ःः- देवेन्द्र पौडेल<br>ठेगाना ःः- अमलाचौर-१, बाग्लुङ<br>हाल ःः- का.म.न.पा.-१०,ग ३१६सहभागिता मार्ग    नाम ःः- गनु चौलागाईँ<br>ठेगाना ःः- का.म.न.पा-१०, ५६२,सहभागिता मार्ग<br>दस्तखत ःः- | नाम ःः- गनु चौलागाईँ<br>ठेगाना ःः- का.म.न.पा-१०, ५६२,सहभागिता मार्ग<br>दस्तखत ःः- |
| ३. | नाम ःः-  घनश्याम शर्मा पौड्याल<br>ठेगाना ःः- भरतपुर न.पा-१०, चितवन<br>हाल ःः- का.म.न.पा-१०, ५६२सहभागिता मार्ग    नाम ःः- दानबहादुर विश्वकर्मा<br>ठेगाना ःः- का.म.न.पा.३५, नरेफाँट<br>दस्तखत ःः | नाम ःः- दानबहादुर विश्वकर्मा<br>ठेगाना ःः- का.म.न.पा.३५, नरेफाँट<br>दस्तखत ःः |
| ४. | नाम ःः- सुनिलवावु पन्त<br>ठेगाना ःः- गाईखुर-४, गोरखा<br>हाल ःः- का.म.न.पा., -१०,वानेश्वर, ५६२,सहभागिता मार्ग    नाम ःः- शिवकुमार महरा<br>ठेगाना ःः- का.म.न.पा.३५, कोटेश्वर<br>दस्तखत ःः- | नाम ःः- शिवकुमार महरा<br>ठेगाना ःः- का.म.न.पा.३५, कोटेश्वर<br>दस्तखत ःः- |
| ५. | नाम : बालकृष्ण गैह्रे | नाम -ःः वलावती पौडेल |

| | | |
|---|---|---|
| | ठेगाना ः- भगवतीपुर-२, तनहूँ<br>हाल ः- का.म.न.पा.-१०, ग३१६,सहभागिता मार्ग नाम ः- नाम -ः वलावती पौडेल<br>ठेगाना ः- गौशाला, माठमाडौं<br>दस्तखत ः- | ठेगाना ः- गौशाला, माठमाडौं<br>दस्तखत ः- |
| ६. | नाम ः-किरण गौतम<br>ठेगाना ः- त्रिभुवन नगरपालिका-६,दाङ<br>हाल ः- का.म.न.पा.१०, १२नारायणेश्वरमार्ग नाम ः-पवन रेग्मी<br>ठेगाना ः- ल.उ.न.पा.१४, खुमलटार<br>दस्तखत ः- | नाम ः-पवन रेग्मी<br>ठेगाना ः- ल.उ.न.पा.१४, खुमलटार<br>दस्तखत ः- |
| ७. | नाम ः- शरदचन्द्र पौडेल<br>ठेगाना ः- काहूँ शिवपुर-७, तनहूँ<br>हाल ः- का.म.न.पा.१०, १२नारायणेश्वरम नाम ः-सृजना गैह्रे<br>ठेगाना ः- ल.पु.उ.न.पा.१४, ललितपुर<br>दस्तखत ः- | नाम ः-सृजना गैह्रे<br>ठेगाना ः- ल.पु.उ.न.पा.१४, ललितपुर<br>दस्तखत ः- |
| ८. | राजन पौडेल<br>ठेगानाः- अमलाचौर-१, बाग्लुङ<br>हाल ः- का.म.न.पा.-१०, ग३१६,सहभागिता मार्ग नाम ः- उपेन्द्र घिमिरे<br>ठेगाना ः- गौशाला, काठमाडौं<br>दस्तखत ः- | नाम ः- उपेन्द्र घिमिरे<br>ठेगाना ः- गौशाला, काठमाडौं<br>दस्तखत ः- |

**भवदीय**

..........................................

**अध्यक्ष**

**माक्र्सीय गुरुकुल**

**मिति ः- २०६/०३/२०**

श्री स्थानीय विकास अधिकारीज्यू
जिल्ला विकास समितिको कार्यालय
काठमाडौं ।

**विषय ः- <u>दर्ता सिफारिस</u> ।**

हामीले संस्था दर्ता ऐन, २०३४ बमोजिम माक्र्सीय गुरुकुल सम्बन्धि संस्था खोल्न चाहेकोले जिल्ला प्रशासन कार्यालय काठमाडौंको नाममा सिफारिस पाउन प्रस्तावित संस्थाको विधान सहित यो निवेदन पेश गरेका छौं । संस्था दर्ता भई यस जिल्लामा आफ्नो कार्य गर्दा जिल्ला विकास समिति काठमाडौंसँग समन्वय गरी कार्य गरिने प्रतिवद्धता समेत जाहेर गर्दछौं ।

**<u>विवरण</u>**

१.संस्थाको नाम ः- " माक्र्सीय गुरुकुल"- २०६ रहने छ ।

२. संस्थाको ठेगाना ः- का.जि. का.म.न.पा. वडा नं.१०, नयां बानेश्वर

३. संस्थाको घर नं. १२ टेलिफोन नं. ः-०१४४८५३५६ पो.ब.नं. ः- जि पि ओ ३१६

४. संस्थाको मूलभूत उद्देश्य ः-

(क) चित्त प्रसन्नताका तथा मनको चैनका प्राप्त गर्नको लागी सहयोगी भूमिका निर्वाहा गर्नु ।

(ख) द्वन्द्वात्मक चेत अभिवृद्धि गरी आफ्नो समाज, राष्ट्र, अन्तराष्ट्र र समग्र पक्षको विश्लेषण गर्न सहयोग पुराउनु ।

(ग) अनुभव आदान प्रदान गर्ने थलोको रुपमा विकास गरि नयाँ पिढीलाई अनुभवी पिढी वाट प्रशिक्षित हुने अवसर प्रदान गर्नु ।

(घ) नयां पुस्तामा रहेको जीवनोन्मुख संभावनालाई निकास दिनका लागि जीवनोपयोगी सोचको विकास गर्न पहल गर्नु ।

(ङ) विश्वमा रहेका ज्ञान अनुभवहरु उपलव्ध गराई अध्ययन अनुसन्धान र विचार निर्माण गर्न मद्धत पुराउनु ।

(च) माक्र्सीय गुरुकुलले मानविय मुल्य मान्यतालाई सहि अर्थमा स्थापित गर्न भूमिका खेल्न प्रयत्न गर्नु ।

(छ) समाजका लागी कार्यन्वयन गरिने नीतिहरुमा अध्ययन अनुसन्धान गरी संबन्धित निकायमा निती प्रभाव बारेमा सुझाव दिने ।

(ज) राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ, संस्था, निकायहरुसंग सम्बन्ध विस्तार गरी सहकार्य गर्ने ।

(झ) सस्थाले गरेका कार्यहरुका विभिन्न प्रकाशन प्रकाशित गर्ने ।

**६. प्रबन्ध समितिका पदाधिकारी ः-**

| **क्र.सं.** | **संस्थापकको नाम, थर र ठेगाना** | **साक्षीका नाम, थर वतन र सहीछाप** |
|---|---|---|
| १. | नाम ः- स्वनाम साथी<br>ठेगाना ः ६४५यलम्बरमार्ग, इचङ्गुनारायण -६,<br>हाल ः- का.म.न.पा.१०, १२नारायणेश्वर मार्ग नाम ः- सरस्वती पौड्याल<br>ठेगाना ः- का.म.न.पा-१०, ५६२,सहभागिता मार्ग<br>दस्तखत ः- | नाम ः- सरस्वती पौड्याल<br>ठेगाना ः- का.म.न.पा-१०, ५६२,सहभागिता मार्ग<br>दस्तखत ः- |
| २. | नाम ः- देवेन्द्र पौडेल<br>ठेगाना ः- अमलाचौर-१, बाग्लुङ<br>हाल ः- का.म.न.पा.-१०,ग ३१६सहभागिता मार्ग नाम ः- गनु चौलागाईँ<br>ठेगाना ः- का.म.न.पा-१०, ५६२,सहभागिता मार्ग<br>दस्तखत ः- | नाम ः- गनु चौलागाईँ<br>ठेगाना ः- का.म.न.पा-१०, ५६२,सहभागिता मार्ग<br>दस्तखत ः- |
| ३. | नाम ः- घनश्याम शर्मा पौड्याल<br>ठेगाना ः- भरतपुर न.पा-१०, चितवन<br>हाल ः- का.म.न.पा-१०, ५६२सहभागिता मार्ग नाम ः- दानबहादुर विश्वकर्मा<br>ठेगाना ः- का.म.न.पा.३५, नरेफाँट<br>दस्तखत ः | नाम ः- दानबहादुर विश्वकर्मा<br>ठेगाना ः- का.म.न.पा.३५, नरेफाँट<br>दस्तखत ः |
| ४. | नाम ः- सुनिलवावु पन्त<br>ठेगाना ः- गाईखुर-४, गोरखा<br>हाल ः- का.म.न.पा., -१०,वानेश्वर, ५६२,सहभागिता मार्ग नाम ः- शिवकुमार महरा<br>ठेगाना ः- का.म.न.पा.३५, कोटेश्वर<br>दस्तखत ः- | नाम ः- शिवकुमार महरा<br>ठेगाना ः- का.म.न.पा.३५, कोटेश्वर<br>दस्तखत ः- |

| | | |
|---|---|---|
| ५. | नाम : बालकृष्ण गैह्रे<br>ठेगाना ाः- भगवतीपुर-२, तनहूँ<br>हाल ाः- का.म.न.पा.-१०, ग३१६,सहभागिता मार्ग नाम ाः- नाम -ाः वलावती पौडेल<br>ठेगाना ाः- गौशाला, माठमाडौं<br>दस्तखत ाः- | नाम ाः- शारदा पौडेल<br>ठेगाना ाः- रानीवन, काठमाडौं<br>दस्तखत ाः- |
| ६. | नाम ाः-किरण गौतम<br>ठेगाना ाः- त्रिभुवन नगरपालिका-६,दाङ<br>हाल ाः- का.म.न.पा.१०, १२नारायणेश्वरमार्ग<br>नाम ाः-पवन रेग्मी<br>ठेगाना ाः- ल.उ.न.पा.१४, खुमलटार<br>दस्तखत ाः- | नाम ाः-पवन रेग्मी<br>ठेगाना ाः- ल.उ.न.पा.१४, खुमलटार<br>दस्तखत ाः- |
| ७. | नाम ाः- शरदचन्द्र पौडेल<br>ठेगाना ाः- काहूँ शिवपुर-७, तनहूँ<br>हाल ाः- का.म.न.पा.१०, १२नारायणेश्वरम<br>नाम ाः-सृजना गैह्रे<br>ठेगाना ाः- ल.पु.उ.न.पा.१४, ललितपुर<br>दस्तखत ाः- | नाम ाः-सृजना गैह्रे<br>ठेगाना ाः- ल.पु.उ.न.पा.१४, ललितपुर<br>दस्तखत ाः- |
| ८. | राजन पौडेल<br>ठेगानाः- अमलाचौर-१, बाग्लुङ<br>हाल ाः- का.म.न.पा.-१०, ग३१६,सहभागिता मार्ग नाम ाः- उपेन्द्र घिमिरे<br>ठेगाना ाः- गौशाला, काठमाडौं<br>दस्तखत ाः- | नाम ाः- उपेन्द्र घिमिरे<br>ठेगाना ाः- गौशाला, काठमाडौं<br>दस्तखत ाः- |

**भवदीय**

..........................................

**अध्यक्ष**

**मार्क्सीय गुरुकुल**